क्षीरेश्वरनाथ नगरपालिका

# स्थानीय राजपत्र


क्षीरेश्वरनाथ नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्डः... २ , महेन्द्रनगर, धनुषा संख्याः...२ मितिः २०७५/०३/३२ गते


स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम क्षीरेश्वरनाथ नगरपालिकाको नगर सभाले बनाएको तल लेखि बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

भाग-१

## क्षीरेश्वरनाथ नगरपालिकाको विनियोजन ऐन, २०७५

क्षीरेश्वरनाथ नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम क्षीरेश्वरनाथ नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–** (१) यस ऐनको नाम क्षीरेश्वरनाथ नगरपालिकाको विनियोजन ऐन, २०७५ रहेको छ ।

(२). यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :–**

(क) "नगर सभा" भन्नाले क्षीरेश्वरनाथ नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले क्षीरेश्वरनाथ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति"भन्नालेक्षीरेश्वरनाथ नगरपालिकाको नगर समितिलाई सम्झनु पर्दछ ।

(घ) "बिषयगत शाखा" भन्नाले क्षीरेश्वरनाथ नगरपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतसम्झनु पर्दछ ।

(ङ) "संञ्चितकोष" भन्नालेक्षीरेश्वरनाथ नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३. आर्थिक बर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :–**

(१) आर्थिक बर्ष २०७५।०७६ को निमित्त क्षीरेश्वरनाथ नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची (१) मा उल्लिखित चालू खर्च र पूँजिगत रु.४१९६८००००।- (एक चालीस करोड छयानब्बे लाख असी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । साथै उक्त रकम बाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिनेछ ।

**४. विनियोजन :–**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७५।०७६ को निमित्त क्षीरेश्वरनाथ नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा क्षीरेश्वरनाथ नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

३. उपदफा (२) अनुसार रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम, साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यबस्थापन अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

४. उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनी एक शिर्षकबाट सो शिर्षकको जम्मा स्विकृत रकमको २५ प्रतिशत भन्दा बढने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्विकृती लिनुपर्नेछ ।

अनुसूचि – १

(दफा २ सँग सम्बन्धीत)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

# संचित कोषबाट विनियोजन हुने रकम

| सि.नं. | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | क्षीरेश्वरनाथ नगर कार्यपालिका | ८२८१०००० | २२०१७०००० | ० | ३०२९८०००० | |
| २ | बिषयगत शाखा | ५२५३२००० | ६४१६८००० | ० | ११६७००००० | |
| ३ | ऋणको सावा व्याज भुक्तानी | ० | ० | | ० | |
| ४ | लगानी( शेयर/ऋण) | ० | ० | | ० | |
| **जम्मा** | | १३५३४२००० | २८४३३८००० | | ४१९६८०००० | |
| प्रतिशत | | ३२.२५% | ६७.७५% | | १००% | |

आज्ञाले

खगेन्द्र गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत